# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन्
## बागमती प्रदेश, नेपाल

डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्गबोर्ड तथा विद्युतीय प्रचार- प्रसार एवं घर सटर, भित्ता एवं व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापनहरुको

विज्ञापन कर संकलन सम्बन्धि ठेक्काको

## बोलपत्र फाराम

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुरले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवंम अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (संशोधित समेत) को दफा ५ को (घ)मा विज्ञापनको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाँउने अधिकार दिएको छ । बागमती प्रदेश आर्थिक ऐन, २०७७ को दफा (५)ले समेत विज्ञापन करको दर तोक्ने तथा उठाउने अधिकार स्थानीय तहलाई दिएको छ । उक्त कार्यका लागि भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७७को दफा ८ को अनुसूची-७ मा उल्लेख भएको दर/रेटका आधारमा भरतपुर महानगरपालिकाको (मुख्य व्यापारीक क्षेत्रहरु, राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्ग) वाहेकका क्षेत्रमा **डिजिटल डिसप्ले बोर्ड, विज्ञापन होर्डीङ्गबोर्ड तथा बिद्युतीय प्रचार सामाग्री सम्बन्धी मापदण्ड,२०७७, तथा कार्यालयबाट तोकीएका अन्य शर्तहरुमा उल्लेख भएको प्रावधान बमोजि** , विज्ञापन कर संकलनको कार्य E-bidding बाट ठेक्का बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न रीतपूर्वक ३०(तीस) दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।योग्यतापुगेका इच्छुक फर्म वा कम्पनीले देहाय बमोजिमका शर्तहरुका अधिनमा रही तोकीएको मिति र समयभित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| आय ठेक्का.नं | न्यूनतम कबोल रकम(भ्याट तथा अग्रिम आयकर बाहेक) रु. | | | | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | आ.ब: ०७७/७८ | आ.ब ०७८/७९ | आ.ब ०७९/८० | जम्मा रु. | रु.३०००/- |
| | ४८,००,०००/- | ५७,६०,०००/- | ६९,१२,०००/- | १,७४,७२,०००/ | |

शर्तहरु :

१. ठेक्काको लागि बोलपत्र फाराम सूचना प्रकाशित (प्रथम पटक) मितिले ३०औं दिन कार्यालय समयभित्र ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।३०औं दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२ . इच्छुक व्यक्ति, फर्म वा कम्पनीले नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब ०७६/७७ को करचुक्ता प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रका प्रतिलिपि समेत संलग्न गरी बोलपत्र बमोजिम लाग्ने रकम नगदै तिरी ( पछि फिर्ता नहुनेगरी ) निवेदन पेश गरी यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको WWW.bolpatra.gov.np बाट बोलपत्र Download तथा Upload गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र फाराम खरिद दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा.बैक, भरतपुरस्थित हि.नं १३१००३०१०१०००२ मा जम्मा गरेको भौचर बोलपत्र कागजात साथ Upload गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले आफूले कबोल गरेको अकको १० प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, भरतपुर स्थित हि.नं १३१००३०३००००० २ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त "क" श्रेणीको कुनै वाणिज्य बैकको कम्तीमा १२०(एक सय बीस ) दिन मान्य

अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी संकलन गरी खाम बाहिर कुन ठेक्काको लागि पेश गरेको हो, सो स्पष्ट खुलाई बोलपत्र ३१ औ दिनको १२ बजेभित्र दर्ता गरिसक्नु पर्नेछ ।

४. रितपूर्वक पेश भएका प्रस्तावहरु ३१औं दिनको २:००बजे बोलपत्रदाता वा निजको रोहवरमा खोलिने छ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन् ।उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

५. भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०७७ मा उल्लेखीत दर/रेट अनुसार बढाबढको माध्मयबाट ठेक्का बन्दोबस्त गरिनेछ ।

६. कबोल गरेको ठेक्का रकम अंकमा कुनै प्रकारको परिस्थिति देखाई छुट, मिनाहा वा क्षतिपूर्ति दिइने छैन ।

७. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिइनेछैन् ।साथै गत विगतमा ठेकेदार कम्पनीले भरतपुर महानगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाँई बाँकी रहेकोमा वा अन्य कुनै दायित्व बाँकी रहेमा निजको बोलपत्र स्वीकृत गर्न भरतपुर महानगरपालिका बाध्य हुने छैन् ।

८. ठेक्का बन्दोबस्तका लागि उल्लेखित विज्ञापनको अवस्थाको ( मापदण्ड तथा कार्यालयको सेवा शर्त सम्बन्धि सम्पूर्ण व्यवस्था) सन्दर्भमा बोलपत्रदाताले स्थलगत भ्रमण गरी जाँची बुझी पेश गरेको मानिनेछ ।

९.कबोल रकम एकमुष्ट बुझाँएमा ५(पाँच) प्रतिशत सम्म छुट दिन सकिनेछ, तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्यूनतम अंकको आधारमा दिन सकिनेछ र अंकभन्दा घटी हुनेगरी दिन सकिने छैन् ।

१०. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र पेश हुदा कुनै किसिमका शर्तनामा मान्य हुनेछैन ।

११. यस सम्बन्धि अन्य व्यवस्था संघीय, प्रदेश र महानगरपालिकाको ऐन,नीति एवं निर्देशिका,मापदण्डहरु बमोजिम हुनेछ । थप जानकारीका लागि www.bharatpurmun.gov.np हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

कार्यालयबाट तयार गरिएका शर्तहरु :

१. भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७७ एवं बागमती प्रदेश सरकारद्वरा निर्दिष्ट गरेको दररेट अनुसार मात्र व्यवस्थित रुपमा विज्ञापन राख्न दिई कर असुल गर्नु पर्नेछ ।

२. डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन बोर्ड तथा विद्युतीय प्रचार-प्रसार सामाग्री नियमन सम्बन्धी मापदण्ड, २०७७ **एवं कार्यालयबाट तोकीएका अन्य शर्तहरु** यस सूचनाको अभिन्न अंङ्गको रुपमा रहेको छ ।उक्त मापदण्ड तथा तोकिएका अन्य शर्तहरु बमोजिम भरतपुर महानगरपालिकाको मुख्य व्यापारीक क्षेत्रहरु : भरतपुर चौविसकोठी देखि नारायणगढ बजार क्षेत्र, पुल्चोक हुदै पोखरा बसपार्क क्षेत्र लगायतका मुख्य व्यापारीक क्षेत्रहरुमा पूर्ण रुपमा होर्डिङ्ग बोर्ड विस्थापन गरिने र अन्य क्षेत्रमा महानगरपालिकाले तोकिदिएको संख्या एवं मापदण्डका आधारमा डिजिटल डिसप्ले बोर्ड एवं होर्डीङ्ग बोर्ड राखिनेछ ।

३. बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन तथा नियमावली लगायत अन्य प्रचलित ऐन/नियमका प्रावधानहरु, सम्झौताका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ।

४. ठेक्का स्वीकृत भएपछि कबोल अंकको एकमुष्टरुपमा कार्यालयमा बुझाएमा ५(पाँच) प्रतिशत छुट दिन सकिनेछ ।

५. आर्थिक वर्ष २०७७/७८ को लागि कबोल गरेको रकम सम्झौताको समयमा अग्रिम रुपमा यस कार्यालयमा बुझाउनु नेंछ । आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को लागि कबोल गरेको रकमको हकमा, उक्त रकम यस कार्यालयमा बुझाएपछि मात्र थप कार्यदिश दिइनेछ । सम्झौताको समयमा बाँकी कबोल रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्रास क बर्गको बाणिज्य बैकबाट जारी गरेको Performance Bond Guarantee पेस गर्नुपर्नेछ ।

६. सम्झौतामा उल्लिखित किस्ता रकम समयमानै दाखिला नगरेमा बाँकी रकममा १०(दश) प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

७. ठेक्का कार्यसँग सम्बन्धित कार्यको सहजीकरण गर्ने जिम्मेवारी स्वयंबोलपत्रदाताकोनै जिम्मेवारी हुनेछ । र अन्य कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

८. राष्ट्रिय राजमार्ग, अन्य निषेधित स्थान, विद्युत पोल, प्रतिक्षालय, ट्राफिक आइल्यान्ड बाहेकका स्थानहरुमा, डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन बोर्ड तथा विद्युतीय प्रचार-प्रसार सामाग्री नियमन सम्बन्धी मापदण्ड,२०७७ बमोजिम तोकीएका क्षेत्र, घरका सटर, भित्ता, उद्यम व्यवसाय स्थलमा राखिएका बोर्ड एवं पेन्टिङयुक्त विज्ञापन सामाग्रीमा विज्ञापन कर लिनु पर्नेछ । तर गाउँपालिका/नगरपालिका जस्ता स्थानीय सरकार, प्रदेश सरकार एवं

प्रमुख प्रशासकीय अधिकृत

संघीय सरकारले राखे उपरोक्त सूचनामूलक एवं विज्ञापनजन्य सामाग्रीमा भने कर लिन पाइने छैन् ।

९. ठेकेदारले वन, प्राकृतिक वातावरण, भू-संरक्षण तथा वातावरणीय सन्तुलनलाई हानी नोक्सानी नहुने गरी चितवन जिल्लामा रहेको नदिनाला तथा खोलाहरुमा प्रतिकूलअसर पर्ने खालका विज्ञापन सामाग्री राख्न पाइने छैन ।

१०. ठेक्कासँग सम्बन्धित कार्य गर्दा बालश्रम प्रयोग गर्न पाइने छैन र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाउने छैन ।

११. बोलपत्र फारम खरिद गर्ने र पेश गर्ने दिनहरुमा बिदा परेमा सो को भोलिपल्टलाई वा लगत्तै कार्यालय खुलेको दीन र समय कायम हुनेछ ।

१२. ठेक्का स्वीकृत भएपछी सम्झौता नगर्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकारात्मक सूचिमा राखिने एवं अर्को आ.व. मा महानगरपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्विकृत गरिने छैन ।

१३. ठेक्का स्विकृत, वा अस्विकृत गर्ने अधिकार महानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई हुनेछ । साथै सर्त सहितको ठेक्का स्विकार गरिने छैन ।

१४. बोलपत्रको हरेक पानामा बोलपत्रदाताले दस्तखत गरि, छाप लागाई, ठेक्का अंक उल्लेख गर्दा कबोल अंक लेख्दा अक्षर र अंक दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिइनेछ ।

१५. ठेक्का स्विकृत भइ सम्झौता भए पछि बोलपत्रदाताआफैंले विज्ञापन कर असुली/आम्दानी बील छापी, महानगरपालिकाबाट प्रमाणित गराई एवं छाप लगाएर मात्र बिल जारी गर्न पाइनेछ । बिना भ्याट बिल कर संकलन गर्न पाइने छैन ।

१६. महानगरपालिकाको काबुभन्दा बाहिरको कारणले ठेक्का संचालन हुन नसके वा अन्य कुनै कारण देखाई ठेक्का बापतको रकम मिनाहा माग वा छुट दाबी गर्न पाइनेछैन ।

१७. कालो सूचिमा परेको वा यस महानगरपालिकाको बक्यौता नतिरेका बोलपत्रदाताको बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुनेछैन ।

१८. स्विकृत मापदण्ड बमोजिम तोकिएका वाहेकका स्थानहरुमा थप डिजिटल बोर्ड तथा होर्डीङ्ग बोर्ड राख्नु पर्ने भएमा राजस्व परामर्श समितिको सिफारिसमा गठित कार्यदलले स्थलगत अनुगमन गरी पेश गर्ने प्रतिवेदनको आधारमा नगर प्रमुखबाट निर्णय भएबमोजिम थप अनुमति दिन सकिनेछ ।

१९. यसमा उल्लेख नभएका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ । संघीय सरकार, प्रदेश सरकार र महानगरपालिकाले समय समयमा दिएका निर्देशनहरू पालन गर्नु पर्नेछ ।

२०. ठेक्काको समयावधि सम्झौता भएको मिति देखि तीन(३) वर्ष( ०७७/७८-७९/८०) सम्म रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

२१. कबोल अंकमा थप १३% मु.अ.कर तथा १.५% अग्रिम आयकर आन्तरिक राजस्व कार्यालयको सम्बन्धित राजश्व शिर्षकमा दाखिला गरी, दाखिलाको प्रमाण समयमानै यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

२२. नेपाल सरकारलाई प्रचलित ऐन, कानुन बमोजिम बुझाउनुपर्ने कर, दस्तुर, दोश्रो पक्षले बुझाउनुपर्नेछ ।

२३. दोश्रो पक्षले स्वीकृत भएका स्थानमा राखिएका बोर्डहरुबाट अन्य ब्यक्ति वा संस्थालाई असर पर्न सक्ने देखिएमा अन्य स्थानमा ब्यवस्थापन गर्नुपर्नेछ ।

२४. नेपाल सरकार र महानगरपालिकाको नीति निर्देशनमा रही ठेक्का संचालन गर्नुपर्नेछ । सो विपरित कार्य गरि हानी नोक्सानी भएमा हानी नोक्सानीको विगो वरावरको रकम दोश्रो पक्षबाट महानगरपालिकाले असुलउपर गर्न सक्नेछ । साथै सोही कार्य बारम्वार दोहोऱ्याएमा ठेक्का समेत तोड्न सकिनेछ ।

२५. नेपाल सरकार वा भरतपुर महानगरपालिकाको नीति,नियममा शंसोधन भई ठेक्का सञ्चालनमा अवरोध हुन जाने अवस्था आएमा महानगरपालिकाले ठेक्का रद्ध गरी सञ्चालन भएको अवधि सम्मको दामासाहीले हुने रकमलाई ठेक्का अंक कायम गरी सोही बमोजिम हरहिसाव फरफारक गरिनेछ ।तर दोश्रो पक्षको कारण ठेक्का रद्ध गर्नुपर्ने अवस्था आएमा यो दफा आकर्षित हुनेछैन् ।

२६. बोलपत्रदाताले बोलपत्र पेस गर्दा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुनआउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, भरतपुर शाखामा रहेको ग-३ धरौटी खाता हि.नं. १३१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंकभौचर वा कम्तिमा १२० म्याद भएको भरतपुर महानगरपालिकाको नाममा जारी भएको बैंक जमानत (बिडबण्ड) संलग्न गरि सिलबन्दी गरि बोलपत्र **पेश गर्नुपर्नेछ** ।

२७. ईजाजत-प्राप्त कम्पनी/फर्म र भरतपुर महानगरपालिका बीच ठेक्का सर्त सम्बन्धमा कुनै विवाद उठेमा भरतपुर महानगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२८. आ.ब ०७६/७७को कर चुक्ताको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

२९. बोलपत्रको सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालयको वेबसाइट http://www.bharatpurmun.gov.npमा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

श्री

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

विषय : बोलपत्र पेश गरेको बारे ।

यस भरतपुर महानगरपालिकाको क्षेत्रभित्र रहेको महानगरपालिकाले तोकिदिएको स्थानमा डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्गबोर्ड तथा विद्युतीय प्रचार-प्रसार सामाग्री लगायतका विज्ञापनहरुको विज्ञापन कर संकलन सम्बन्धि ठेक्का आर्थिक वर्ष ०७७/७८, आ.ब २०७८/७९ र आ.ब ०७९/८०को लागि ठेक्का बन्दोबस्त गर्ने सम्बन्धि शिलबन्दी बोलपत्र आह्वान गरी यस भरतपुर महानगरपालिका नगर कार्यपालिकाको मिति........................................गतेको प्रकाशित सूचना बमोजिम तपसिल अनुसार जम्मा रु............................(अक्षेरुपी.........................................................)मा ठेक्का लिने मञ्जुरी भएकोले धरौटी बापत रु............................(अक्षेरुपी....................................................)को बैंक भौचर........................................को बैंक जमानत यसैसाथ संलग्न राखी बोलपत्र दाखिला गरेको छु ।

तपसिल

| विवरण | आ.ब ०७७/७८ | आ.व ०७८/७९ | आ.व ०७९/०८० | जम्मा(भ्याट तथा अग्रिम आय कर वाहेक) रु. |
|---|---|---|---|---|
| महानगरपालिकाले तोकेको न्यूनतम मूल्य रु. | रु.४८००,०००/- | रु.५७,६०,०००/- | रु.६९,१२,०००/- | रु.१,७४,७२,०००/- |
| बोलपत्रदाताले कबोल गरेको रकम अंकमा रु. | | | | |
| बोलपत्रदाताले कबोल गरेको रकम अक्षरमा रु. | | | | |

निवेदक :

नाम :

बावुको नामः

बाजेको नाम :

फर्मको नाम :

छाप :

ठेगाना :

मिति :

दस्तखत :

प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन